नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#६९७

७ जेठ २०७९

# दैनिक विपद् बुलेटिन

जेठ ६ विहान १०:०० बजे देखि ७ जेठ विहान १०:०० बजे सम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १८ | ५ | ० | ११ | रु. ४,६७,००० | ० | ३ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरणसंख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| हावाहुरी | चितवन | भरतपुर म.न.पा.- ११ भोजाड जङ्गल स्थित भित्री सडकखण्डमा गुडीरहेको ना २ ह २२४७ नं. को अटोमा **हावाहुरी**को कारण रुख ढलि च्यापिन जाँदा वर्ष ५१ का **अटो चालक** र सोही अटोमा सवार वर्ष २८ की **एक महिलाको घटनास्थलमै मृत्यु** बर्ष २० र वर्ष ५० की **२ जना महिला घाईते** । | २ | ० | २ | घाईतेहरुको भरतपुर अस्पतालमा उपचार भईरहेको । प्र.चौ. भोजाड र जि.प्र.का. चितवनको टोली खटिई गएको । |
| | चितवन | भरतपुर म.न.पा. - ११ बसेनि चोक स्थित गुडीरहेको ना१ज ६१४० नं. को म्याजिकमा **हावाहुरी**को कारण सालको रुख ढलि च्यापिन जाँदा म्याजिकमा सवार बर्ष ४८ का **एक पुरुषको घटनास्थलमानै मृत्यु** । | १ | ० | ० | अ.प्र.पोष्ट गणेशस्थान को टोली खटिई गएको । |
| | कैलाली | लम्किचुहा न.पा.- ८ गोप्का स्थित भित्री सडकमा गुडीरहेको से १ ख १८०६ नम्बरको बसमाथि **हावाहुरी**को कारण सुकेको रुख ढल्न जाँदा बसमा सवार **८ जनाघाईते** । | ० | ० | ८ | घाईतेहरुको विभिन्न अस्पतालहरुमा उपचार भईरहेको । |
| | रुपन्देही | मर्चवारी गा.पा.- ३ मधुवनी स्थित ई.प्र.का. मर्चवारको टिनको छानो अत्याधिक मात्रामा आएको बर्षात सहितको **हावाहुरी**ले उडाई **४० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | प्युठान | प्यूठान न.पा. - ४ बाझेबारी स्थित सरस्वती प्रा.बि.को जस्तापाताले छाएको छानो **हावाहुरी**ले उडाई क्षति । | ० | ० | ० | प्र.स.निको टोली खटिई गएको । |
| | प्युठान | नौबहिनी गा.पा. - ७ बासकोट स्थित ने.रा.प्रा.बिको ६ कोठे एकतले घरको छानो **हावाहुरीले** उडाई क्षति, ऐ.स्थित वडा न.८ फोप्लिमा रहेको स्वास्थ्य चौकीको भवनको जस्तापाता उडाई क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटिई गएको । |
| | सुर्खेत | बीरेन्द्रनगर न.पा.-१ ढोडेखाली फूलबारी टोल स्थित बिधुतको तार **हावाहुरी**का कारण चुडिएर एक बाखाको खोरमा तार सर्ट हुन पुगी ३ वटा खसीको मृत्यु भई **४७ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ओखलढुङ्गा | सुनकोशी गा.पा.- १० कटुन्जे स्थित एक घरको छाना बर्षासंगै आएको **हावाहुरी**ले उडाई **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | सिरहा | भगवानपुर गा.पा.- १ स्थित दुईवटा घरको छानो पानीसँगै आएको **हावाहुरी**ले उडाई घरभित्र रहेको अन्नपात भिजी **१ लाख ३० हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | अ.प्र.पोष्ट भगवानपुरको टोली खटिई गएको । |
| **चट्याङ्ग** | सुनसरी | इटहरी उमनपा- २० तरहरा बस्ने बर्ष ३४ का **एक पुरुष** आफ्नै घरभित्र मोबाईल चलाएर बसिरहेको अबस्थामा एक्कासी **चट्याङ्ग** पर्दा बेहोस भइ उपचारको क्रममा **मृत्यु** । | १ | ० | ० | - |
| | खोटाङ्ग | खोटेहाङ गा.पा.- ३ सावाकटहरे चण्डीथान बस्ने बर्ष ४३ की **एक महिला** शौचालय गई कोठाभित्र प्रबेश गर्नासाथ बर्षासंगै घर बाहिर नजिकै परेको **चट्याङ्ग**को झड्काले लागी घटनास्थलमा नै **मृत्यु** । | १ | ० | ० | प्रहरी चौकी वाप्लुखा को टोली खटिई गएको । |
| | प्युठान | झिमरुक गा.पा. ५ माझगाँउ बस्ने बर्ष २५ की **एक महिला** आफ्नै घरमा बसिरहेको अवस्थामा नजिकै परेको **चट्याङ्ग**को झड्का लागी **घाईते** । | ० | ० | १ | घाईतेलाई उपचारको लागि जि.अस्पताल बिजुवार पठाईएको । |
| **आगलागी** | भक्तपुर | चाँगुनारायण न.पा.- १ दुवाकोट बेसी स्थित एक कच्ची टहरामा अचानक **आगलागी** हुँदा धनमाल र मो.सा जलि क्षति । | ० | ० | ० | वृत्त ठिमी को टोली , दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण |
| | प्युठान | झिमरुक गा.पा.- ८ भण्डारी पोखरा स्थित एक गोठमा अचानक **आगलागी** हुदा १ वटा बाखाको मृत्यु । | ० | ० | ० | - |
| **जनावर आतंक** | सुनसरी | बराहक्षेत्र न.पा.- ९ मगर टोलमा **जङ्गली हात्ती**ले दुईवटा घरको झ्याल , ढोका र टाँटीबेरा भत्काई खेतमा लगाएको मकै नष्ट गरी **१ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. प्रकाशपुरको टोली खटिई गएको । |
| **जङ्गल आगलागी** | धनकुटा | धनकुटा न.पा.- ५ कर्मिटार स्थित **सल्लेरी सामुदायिक वनमा** अचानक **आगलागी** । | ० | ० | ० | - |
| | प्युठान | ऐरावती गा.पा.- ५ सादनचौर स्थित **सादनचौर सामुदायिक बनमा** अचानक **आगलागी** । | ० | ० | ० | - |
| **पहिरो** | कालिकोट | खाँडाचक्र न.पा.- ७ कल्यान खोला स्थित राजमार्ग माथिबाट **पहिरो** आई **कर्णाली राजमार्ग अबरुद्ध** । | ० | ० | ० | अ.प्र.पोष्ट पिलीको टोली र सडक डिभिजन कार्यालय जुम्लासँगको समन्वयमा सडक सुचारु । |
| **जम्मा संख्या** | १२ | १८ | ५ | ० | ११ | |

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA मा जानुहोस् ।**